जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक १२ २०८३ साल साउन १४ गते बिहीबार (30 July 2026 Thursday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल केरामा आत्मनिर्भर... ३ पृष्ठमा : पछिल्लो बाघ गणना सार्वजनिक ... ३ पृष्ठमा :युवा आन्दोलनले मोदी...

## सुनसरी घटनाको बिरोधमा राजविराज बन्द



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता राजविराज, १३ साउन ।**

सुनसरीको देवानगञ्ज गाउँपालिकाको कप्तानगञ्ज क्षेत्रमा भएको हिंसक घटनाको बिरोधमा बुधबार राजविराज बन्द गरिएको छ ।
हिन्दु सम्राट सेना नेपाल सप्तरी तथा अन्य संघ संगठनको अगुवाईमा बन्दको आह्वान गरिएको हो ।

बन्द सफल पार्न बिहानैदेखी हिन्दुवादी संघ संगठनका अगुवाहरु सडकमा उत्रेका थिए । ठाउँ ठाउँमा टायर बालेर प्रदर्शन गरेका उनीहरुले उक्त घटनाको उच्चस्तरिय र निश्पक्ष छानबिन, दोषिलाई कारवाही, मृतक परिवारलाई राहत, मृतकलाई सहिद घोषणा, घाइतेको निशुल्क उपचार लगायतका माग अघि सारेका छन् ।

प्रदर्शनका क्रममा उनीहरुले मुश्लिम आयोग र धर्मनिरपेक्षता खारेज गरी हिन्दु राष्ट्र कायम गर्नु पर्ने माग समेत गरे ।

सोही क्रममा स्थानीय नेता चौकमा प्रदर्शनकारीहरुले एउटा साइकल जलाएका छन् भने त्यस बाहेक कुनै अप्रिय घटना भएन् ।

यता बन्द आह्वानका कारण बजार र यातायात ठप्प हुँदा जनजिवन प्रभावित भएको छ । लामो तथा छोटो दुरीमा संचालन हुने ठूला सवारीसाधन संचालनमा आउन सकेनन् भने फाटफुट रुपमा मोटरसाइकल र सिटि रिक्सा सडकमा गुडिरहेको देखिन्थ्यो ।

स्थानीय प्रशासनले जिल्लामा शान्ति सुरक्षाको अवस्था कडा पार्नुका साथै दुबै समुदायलाई भ्रामक हल्लाको पछी नलाग्न र आपसी सद्भाव कायम राख्न सूचना मार्फत अपील गरेको छ ।

## सामाजिक सद्भाव र दिगो शान्तिका पक्षमा अपिल

काठमाडौं, १३ साउन (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको आह्वानमा बुधबार सिंहदरबारमा सम्पन्न सर्वदलीय बैठकले सुनसरीलगायत देशका विभिन्न जिल्लामा विकसित संवेदनशील घटनाक्रम र त्यसबाट उत्पन्न असहज परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै सामाजिक सद्भाव र शान्ति कायम राख्न अपिल गरेको छ ।

सर्वदलीय बैठकले सात बुँदे संयुक्त वक्तव्य जारी गर्दै उत्पन्न परिस्थितिलाई सामान्यीकरण गर्न, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र पीडित पक्षलाई उचित क्षतिपूर्तिसहित राहत उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गरेको हो ।

यसैगरी, नेपालको पहिचान विविधताबीचको एकता, सहिष्णुता र सहअस्तित्व रहेको उल्लेख गर्दै सामाजिक सद्भाव खल्बल्याउने कुनै पनि अवाञ्छित गतिविधि तथा उत्तेजनामा नलाग्न आमनागरिकलाई आग्रह गरेको छ । आवेग र मुठभेडले समस्याको समाधान नगरी थप जटिलता निम्त्याउने भएकाले संयमता अपनाउन देशवासीसँग अपिल गरेको छ ।

लोकतन्त्रमा जस्तोसुकै जटिल असन्तुष्टि र समस्याको समाधान शान्तिपूर्ण संवाद र सहमतिबाट सम्भव हुने भन्दै बैठकले सम्बन्धित सबै पक्षलाई आफ्ना माग तथा असन्तुष्टि शान्तिपूर्ण रूपमा राख्न आह्वान गरेको छ ।

सामाजिक सद्भाव र दिगो शान्ति कायम राख्न केन्द्रको प्रयासले मात्र सम्भव नहुने भन्दै प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गर्न आआफ्ना पार्टीका विभिन्न तहका समितिलाई निर्देशन दिने निर्णय गरेको छ ।

बैठकले यस्ता संवादलाई तल्लो तहसम्म पुर्याई नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न तथा स्थानीय धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनलाई समेत सहभागी गराएर मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न सम्बद्ध पक्षसँग अनुरोध गरिएको छ ।

त्यसैगरी, यस्ता प्रकृतिका दुःखद् तथा संवेदनशील घटना भविष्यमा देशका कुनै पनि भूभागमा दोहोरिन नदिन राजनीतिक दलको केन्द्रीय तह गम्भीर रहेको जनाउँदै आवश्यक पहलकदमी, निरन्तर समन्वय र अनुगमनसहित नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।
बैठकले संवेदनशील अवस्थामा सामाजिक सञ्जाललगायतका माध्यमबाट फैलिन सक्ने भ्रामक समाचार, घृणास्पद अभिव्यक्ति र अफवाहले परिस्थिति थप भयावह बनाउन सक्ने भन्दै सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न आमनागरिकलाई आग्रह गरेको छ ।

त्यस्तै यस किसिमको संवेदनशील घटनाबाट हुनसक्ने क्षतिको न्यूनीकरण तथा रोकथाम गर्न आमसञ्चारमाध्यमका महत्त्वपूर्ण भूमिका हुने भएकाले सोहीअनुसार अझ संयमित, जिम्मेवार र तथ्यपरक सूचनामात्र सम्प्रेषण गर्न आसञ्चारमाध्यमको

*बाँकी अन्तिम पृष्ठमा*

## विगतको तुलनामा हवाई यात्रा गर्ने यात्रु घटे, रात्रिकालिन उडान भने अझै अनिश्चित



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता राजविराज, १३ साउन ।**

राजविराज विमानस्थलबाट हवाई यात्रा गर्ने यात्रुको संख्या घटेको छ । विगतको तुलनामा गत आ.ब.मा २ हजार ८ सय ९३ यात्रुको संख्या घटेको हो ।

हाल राजविराजबाट बुद्ध एयरलायन्सले दैनिक एउटा उडान गर्दै आइरहेको छ । बुद्ध एयरलायन्सले दैनिक दिउँसो १ बजेतिर एक मात्र उडान मार्फत हवाई सेवा प्रदान गर्दै आइरहेको छ ।

गत आ.ब. २०८२/८३ मा राजविराज विमानस्थलबाट १८ हजार ४ सय ६८ यात्रुले हवाई सेवा गरेका थिए भने आ.ब. २०८१/८२ मा यस विमानस्थलबाट २१ हजार ३ सय ६१ जना यात्रुले हवाई सेवा प्राप्त गरेका थिए ।

यस्तै उडानको सुरुवाती वर्ष २०८०/८१ मा ४ हजार ५६ जना यात्रुले हवाई सेवा उपभोग गरेको बुद्ध एयरलायन्सका स्टेशन म्यानेजर अनिल राजवंशीले जानकारी दिएका छन् ।

स्टेशन म्यानेजर राजवंशीले हवाई इन्धनको मुल्यबृद्धिका कारण भाडादर बढाउनु पर्दा यसको प्रत्यक्ष असर यात्रुमा समेत परेको बताए । अघिल्लो आ.ब. २०८१/८२ को तुलना आ.ब. २०८२/८३ मा यात्रुको चाप केही घटेको उनले स्वीकारे ।

यता पूर्वघोषित रात्रीकालिन उडान भने अझै संचालनमा आउन सकेको छैन् । यात्रुको चाप बढ्दै गएपछी बुद्ध एयरलायन्सले २०८१ साल चैत २९ गतेदेखी दैनिक दुई उडान गर्ने योजना सार्वजनिक गरेको थियो । यसका लागि २०८१ मंसिर २९ गते नै तत्कालिन संस्कृती, पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्री प्रसाद पाण्डेले राजविराज विमानस्थलबाट रात्रीकालिन उडान पनि सुरु गर्ने भन्दै परिक्षण उडानको शुभारम्भ गरेका थिए ।

उडान परिक्षण सकिएपछी बुद्ध एयरलायनसका व्यवस्थापन पक्षले २०८१ चैत २९ बाट दिनको १२:२५ र साँझ ६ बजे गरी दैनिक दुई उडान राजविराजबाट काठमाडौंका लागि प्रस्थान गर्ने समय तालिका समेत सार्वजनिक गरेको थियो । तर डेढ वर्ष बित्न लाग्दा पनी साँझको उडान अझै संचालनमा आउन सकेको छैन् ।

स्टेशन म्यानेजर राजवंशीले यात्रुको चाप घटेको र हवाई इन्धनको मुल्यबृद्धि भएको कारणले पनि

*बाँकी अन्तिम पृष्ठमा*

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अझै कार्य सम्पादन सुस्त

सरकारी कार्यालय तथा स्थानीय तहबाट अहिले पनि कार्यसम्पादन सुस्त रुपमा भइरहेको पाइएको छ । पाउनु पर्ने निशुल्क सुविधा सेवाग्राहीहरु पाउन हम्मे हम्मे हुन्छन् । जबसम्म नजराना दिइदैन तबसम्म कुनै काम नै अगाडी बढ्दैन् । यस्तो अवस्थामा सेवाग्राहीहरु निकै तनावका साथ काम गराउन बाध्य छन् । अहिलेको सरकारले सुशासन कायम गरि कार्य सम्पादन चुस्त दुरुस्त तरीकाले गर्न निर्देशन दिएपनि सो अनुसार भइरहेको देखिदैन् । अहिले पनि अधिकांश सरकारी कार्यालय तथा स्थानीय तहरुबाट जनताले पाउनु पर्ने सुविधाबाट बञ्चित छन् ।

संविधानमा उल्लेख गरिएका ती सुविधाहरु सजिलै पाउने व्यवस्था रहेको छ । सरकारी कार्यालयहरुमा केही कर्मचारी तथा विचौलियाका कारण जनताले सास्ती व्यहोर्नु परेको प्रसस्त उदाहरणहरु देख्न पाइन्छ । त्यस्तै जनप्रतिनिधिले जनताले पाउने सेवा भन्दा पनि आर्थिक लाभ पाउन सकिने कार्यहरुलाई पहिलो प्राथमिकतामा राखेको पाइएको छ । स्थानीय तहका शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेपनि प्रभावकारी कार्य हुनसकिरहेको छैन् । शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ ।

तसर्थ जनताले पाउने सेवा सुविधाप्रति जनप्रतिनिधि तथा कर्मचारीले थोरै पनि चनाखो हुनसकेमा सरकारी कार्यालय, नगर वा वडा कार्यालयहरुबाट पाउने निशुल्क सेवाहरु छिटोछरितो एवं सरल तरिकाले पाउन सक्ने कुरामा दुई मत नहोला ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# नेपाल केरामा आत्मनिर्भर उन्मुख

**अशोक घिमिरे**

काठमाडौँ, १३ साउन (रासस) । सरकारको नीतिगत प्रयास र किसानको अथक मेहनतपछि नेपाल केरामा आत्मनिर्भर उन्मुख बनेको छ । केरा खेतीमा लाग्ने घातक पानामा टिआर-४ रोगको जोखिमप्रति सरकारले अपनाएको सजकता र उत्पादन बढाउने किसानको प्रयासपछि केराको परनिर्भरता कम हुँदै गएको छ ।

नेपालमा १५ हजार हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ । केराखेतीमा सात हजार ६०० बढी किसान संलग्न छन् । गतवर्ष नेपालमा सात लाख मेट्रिकटन केरा उत्पादन भएको थियो । वार्षिक नौ लाख मेट्रिकटन केरा खपत हुँदै आएको तथ्याङ्क छ ।

अपुग दुई लाख मेट्रिकटन केरा उत्पादन गर्ने योजनाका साथ काम भइसकेको नेपाल केरा उत्पादक महासङ्घले जनाएको छ । अब नेपाली उत्पादनले बाह्रै महिनाको माग धान्न सक्ने छ । व्यापारीले पनि केराखेतीमा लगानी गरेका छन् ।

केरा बजारमा वार्षिक १२/१३ अर्बको कारोबार हुन्छ । नेपालका फलफूल व्यापारी स्वदेशी केराको उत्पादन बढेसँगै खुसी बनेका छन् । केरामा टिआर-४ रोग देखिएपछि 'बायो-सेक्युरिटी'को हिसाबले सरकारले केरा आयातमा कडाइ गरेको थियो ।

गतवर्ष तीज, दसैं र तिहारमा नेपाली किसानले केरा प्रतिकोसा एक रुपैयाँमा पनि नबिकेर फाल्नुपरेको थियो । यसवर्ष भदौ, असोज र कात्तिकदेखि केराको उत्पादन अत्यधिक हुने अनुमान गरिएको छ ।

केरा आयातमा कडाइ नभएको भए नेपालमा केरा खेती नै विस्थापित हुने खतरा रहेको महासङ्घको भनाइ छ । "मूल्य नपाएर किसान केरा खेती छोडेर कोही विदेशिने अवस्था हुने थियो", महासङ्घका अध्यक्ष विष्णुहरि पन्तले भन्नुभयो ।

केराको आयातमा कडाइसँगै किसान पनि उत्पादन वृद्धिमा लागेको उहाँको भनाइ छ । "सरकारको नीतिगत सम्बोधनपछि हामी किसानले पनि केराको परनिर्भरता अन्त्य हुनुपर्छ भनेर उत्पादन यसरी बढायौँ कि अहिले आत्मनिर्भर उन्मुख छौँ, अर्को वर्ष केरा निर्यात गर्न सक्छौँ", अध्यक्ष पन्तले राससँग भन्नुभयो । सरकारको सहयोग र किसानको मेहनतको फल अब छिट्टै आमनेपालीले चाख्न पाउने उहाँको भनाइ छ । महासङ्घले यसवर्ष केरामा आत्मनिर्भर र दुई वर्षमा निर्यातको लक्ष्य भेट्याउने भन्दै सरकारलाई विश्वस्त र किसानलाई उत्साहित बनाउँदै आएको थियो ।

"हामीले दुई वर्षमा केरामा आत्मनिर्भर हुन्छौँ भनेका थियौँ, सरकारको सहयोग र किसानको मेहिनतबाट दुई वर्ष पुग्नै परेन, अब अर्को वर्षदेखि नै निर्यात गर्न सक्छौँ", पन्तले भन्नुभयो ।

तराई/मधेसका क्षेत्र मात्रै होइन, पहाडी क्षेत्रमा पनि केरा खेती विस्तार हुँदै गइरहेको महासङ्घले जनाएको छ । गतवर्ष देशभर ५० देखि ६० लाख केराका नयाँ बिरुवा रोपिएको थियो । पहाडी क्षेत्र केराले भाउ पाएपछि किसानको मुहारमा खुसी छाएको छ ।

**मुख्य चाडपर्वमा उपभोक्ताले सस्तोमा केरा पाउँछन्**

महासङ्घले निजिकिँदै गरेका ठूला चाडपर्वमा उपभोक्ताले सस्तोमा स्वदेशी केरा खान पाउने दाबी गरेको छ । "आउँदै गरेको दशैं, तिहार र छठमा उपभोक्तालाई सस्तोमा केरा खुवाउँछौं, यो महासङ्घको प्रतिबद्धता हो", अध्यक्ष पन्तले भन्नुभयो ।

किसानले पनि अहिले केराको मूल्य राम्रो पाएका छन् । किसानले मालभोग केराको मूल्य प्रतिदर्जन रु १०० देखि १२० र हरियो केरा (जि-नाइन) को मूल्य प्रतिदर्जन रु ५० देखि ८० सम्म पाउने अवस्था बनेको महासङ्घको भनाइ छ । यसबाट केरा किसान खुसी छन् ।

"अर्को वर्ष योभन्दा पनि अझ सस्तो मूल्यमा उपभोक्ताले केरा पाउनेछन्", पन्तले भन्नुभयो ।

नेपाल फलफूल थोक व्यवसायी सङ्घका अध्यक्ष अमर बानियाँ स्थानीय उत्पादनले मूल्य पाउँदा किसान उत्साहित बने पनि अझै उपभोक्ताले केरा खान पाउने अवस्था बनिनसकेको बताउनुहुन्छ । अझै पनि बजारमा केरा प्रतिदर्जन रु २५० सम्म बिक्री भइरहेको जानकारी दिँदै उहाँले उत्पादन वृद्धिसँगै ग्रेडिङ र प्याकेजिङमा पनि किसानले ध्यान दिनुपर्ने बताउनुभयो ।

"अहिले किसान उत्साहित हुने वातावरण त बनेको छ, तर मूल्य घटाएर उपभोक्तालाई पनि खुसी बनाउनुपर्‍यो", उहाँले भन्नुभयो । गतवर्षको यही अवधिमा केराले मूल्य नपाएपछि निराश बनेका नेपाली किसान अहिले राम्रो मूल्य पाएपछि उत्साहित बनेको नेपाल केरा उत्पादक महासङ्घले जनाएको छ ।

# विद्यालयमा दिवा खाजासम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक

काठमाडौँ, १३, साउन (रासस) । विद्यालयमा राष्ट्रिय दिवा खाजा कार्यक्रमसम्बन्धी वार्षिक प्रतिवेदन, २०२५ मंगलबार सार्वजनिक गरिएको छ । खाद्य सुरक्षा, पोषण, शिक्षा, जलवायु उत्थानशीलता र सामाजिक सुरक्षालाई सुदृढ गर्ने विषयवस्तु समेटिएको सो प्रतिवेदन नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले मंगलबार आयोजना गरेको कार्यक्रममा सार्वजनिक गरिएको हो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणकर भट्ट, सुदुरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री बेलबहादुर राना मगर, नेपालका लागि फिनल्याण्डका राजदूत पेट्री पुहाक्का, अमेरिकी दूतावासका कार्यवाहक राजदूत स्कट अर्वोम, शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटा, विश्व खाद्य कार्यक्रमका देशीय निर्देशक रियाज लोधीलगायतको उपस्थितिमा सो प्रतिवेदन सार्वजनिक गरिएको हो । प्रतिवेदनमा नेपालको विद्यालयमा पाँच दशक अघिदेखि सञ्चालित दिवा खाजा कार्यक्रमका उपलब्धि र यात्रालाई समेटेको छ ।

उक्त कार्यक्रम नेपालमा सन् १९६७ मा सुरु भएको हो । हाल ७७ जिल्लामा सञ्चालित यो कार्यक्रमबाट हाल करिब ३० लाख बालबालिका प्रत्यक्ष लाभान्वित छन् । यस कार्यक्रमका कारण विद्यालय भर्ना, विद्यार्थीको र सिकाइ उपलब्धिमा सुधार आएको प्रतिवेदनमा जनाइएको छ ।

साथै समुदाय र सहकारीमार्फत् स्थानीय साना किसानसँग विद्यालयलाई जोड्ने घरेलु खाजा खुवाउने कार्यको प्रोत्साहनले विद्यार्थीको स्वास्थ्य राम्रो हुनाका साथै स्थानीय अर्थतन्त्रलाई पनि टेवा पुग्ने गरेको पाइएको छ । सो अवसरमा आयोगका उपाध्यक्ष डा भट्टले बालबालिकामा लगानी गर्नु सरकारको राष्ट्रिय प्राथमिकतामा रहेको बताउँदै शिक्षा, पोषण, कृषि र स्थानीय आर्थिक विकासलाई एकैसाथ अगाडि बढाउन साझेदार निकायको भूमिका पनि महत्त्वपूर्ण हुने बताउनुभयो ।

नेपालका लागि फिनल्याण्डका राजदूत पुहाक्काले दिवा खाजा कार्यक्रमबाट बालबालिकाको शिक्षामा सहयोगका साथै सामूहिकताको साझा प्रतिबिम्ब चित्रण गर्ने बताउनुभयो । नेपालका अमेरिकी कार्यवाहक राजदूत अर्वोमले नेपालसँग यस कार्यक्रममा आफ्नो मुलुकको बलियो साझेदारी निरन्तर रहने बताउनुभयो ।

सुदुरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री मगरले उक्त कार्यक्रमबाट बालबालिकामा पड्केपन, ख्याउटेपन र रक्तअल्पता न्यून हुनुका साथै सिकाइ निरन्तरतामा बल पुगेको बताउनुभयो । राष्ट्रिय निर्देशक लोधीले नेपाल सरकार, विकास साझेदार र समुदायसँग मिलेर खाद्य सुरक्षालाई सुदृढ पार्दै पोषण सुधार गरेर मानव पुँजी विकासलाई सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा नीति निर्माता, विकास साझेदार, विज्ञ र सरोकार भएका पक्षबीच 'बहस' गरिएको थियो ।

# क्यान्सर अस्पतालमा 'किमो' लगाउने बिरामीको उच्च चाप

चितवन, १३ साउन (रासस) । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा शय्या र जनशक्तिका अभाव भएपछि क्यान्सरका कोषिका मार्ने महत्त्वपूर्ण औषधि 'किमो' लगाउन बिरामीलाई पाँचदिनसम्म पालो पर्खनुपर्ने अवस्था आएको छ ।

अस्पतालमा दैनिक करिव ३०० बिरामी किमोका लागि सेवा लिन आउने भए पनि करिब २०० लाई मात्र किमो दिन सकिएको छ । एक सय ५० शय्या किमोका लागि छुट्याइएको छ । केही बिरामीलाई किमो दिएपछि छोटो समयमा घर पठाउन सकिने भएकाले त्यही शय्यामा अर्को बिरामीलाई किमो दिने गरिएको छ ।

अस्पतालका मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण साहका अनुसार तोकिएका समयमा नै 'किमो' दिँदा प्रभावकारी हुन्छ । उहाँले भन्नुभयो, "बिरामीको उच्च चापका कारण समयमा किमो दिन सकिएको छैन, यसले उपचारमा प्रभावकारिता घट्छ ।"

बिरामीले पाँच दिनसम्म पालो कुर्नुपरेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रादेशिक अस्पतालहरूमा किमो दिने व्यवस्था गर्नुपर्छ, नभए यहाँको अस्पतालमा शय्या र जनशक्ति थप्नुपर्छ ।" बिरामीको चाप बढ्दै जाने र अस्पतालले शय्या र जनशक्ति नथप्दा चाहेर पनि आएका सबै बिरामीलाई किमो दिन नसकिएको उहाँ बताउनुहुन्छ । अस्पतालले किमो चढाएको एक पटकको रु ५०० शुल्क लिने गरेको छ । किमो खरिद अस्पतालको फार्मेसीमा छुट्टै गर्नुपर्छ । बिरामीको रोगको प्रकृति र औषधि उत्पादक कम्पनीअनुसार किमोको मूल्य रु १०० देखि लाखौंसम्म पर्ने

बाँकी अन्तिम पृष्ठमा

# पछिल्लो बाघ गणना सार्वजनिक गरिँदै, संख्या बढ्ने संकेत

**भीष्मराज ओझा**

काठमाडौं, १३ साउन (रासस)।

विश्व बाघ दिवस प्रत्येक वर्ष जुलाई महिनाको २९ मा मनाइन्छ। सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा भएको बाघ शिखर सम्मेलनको घोषणासँगै यो दिवस मनाउन थालिएको हो।

तत्कालीन समयमा बाघको सङ्ख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले दिवस स्थापना गरिएको हो। कृषि, वन तथा पर्यावरण मन्त्रालयले दिवसका अवसरमा बुधवार मन्त्री गिता चौधरीको उपस्थितिमा पछिल्लो राष्ट्रिय बाघ गणनाको सङ्ख्या सार्वजनिक गर्दैछ।

नेपालमा प्रायः चार वर्षमा बाघ गणना गरिन्छ। सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको सङ्ख्या ३५५ रहेको छ। सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८, त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ रहेको मन्त्रालयको तथ्याङ्क छ।

पछिल्ला दिनहरूमा संरक्षण क्षेत्रका साथै मध्यवर्ती क्षेत्रमा देखिएको बाघको अवस्था, बासस्थानमा भएको सुधार, सिकार प्रजातिको वृद्धिलगायतका आधारमा यस गणनामा बाघको सङ्ख्या थपिने अनुमान गरिएको छ। बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृङ्खलाको उच्च तहमा रहेको महत्त्वपूर्ण प्रजाति हो।

**विश्वमा पाँच हजार बढी बाघ**

बाघ नेपाललगायत भारत, चीन, बङ्गलादेश, भुटान, कम्बोडिया, लाओस, इन्डोनेसिया, मलेसिया, म्यान्मा, रसिया, थाइल्यान्ड र भियतनाम गरी एसियाका १३ देशमा मात्र पाइन्छ। विश्वमा सन् २०१० मा करिब तीन हजार २०० को सङ्ख्यामा रहेको बाघको सङ्ख्या सन् २०२५ को तथ्याङ्कअनुसार बढेर पाँच हजार ३५७ पुगेको छ।

त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १६७, रुसमा ७५०, इन्डोनेसियामा ४००, नेपालमा ३५५, थाइल्यान्डमा १८९, भुटानमा १५१, मलेसियामा १५०, बङ्गलादेशमा १४६, म्यान्मामा २२, चीनमा २०, भियतनाममा पाँच र लाओसमा दुईवटा बाघ रहेका छन्।

मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलका अनुसार नेपालमा बाघको सङ्ख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो।

सन् २०१० मा रसियामा भएको बाघ शिखर सम्मेलनबाट यसको सङ्ख्या सन् २०२२ सम्म दोब्बर बनाउने लक्ष्यअनुरुप नेपालले बाघको संरक्षण र सङ्ख्या वृद्धि गरेर विश्वमै उदाहरणीय काम गरेको छ।

नेपालको तराई भूपरिधिका पाँचवटा राष्ट्रिय निकुञ्जहरू (पर्सा, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा) र वरिपरिको मध्यवर्ती तथा राष्ट्रिय वनक्षेत्र एवं जैविक मार्गमा मात्र बाघ पाइन्छ। नेपालले सन् १९९० को दशकदेखि बाघ संरक्षण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ।

**यसरी गरिएको थियो पछिल्लो बाघ सर्वेक्षण**

बाघको गणना हरेक चारदेखि पाँच वर्षको अन्तरालमा गरेर बाघको सङ्ख्या र यसको आहारा प्रजाति साथै बासस्थानको बारेमा समेत तथ्याङ्क सङ्कलन गर्ने गरिन्छ। बाघ सर्वेक्षणका लागि राष्ट्रिय बाघ तथा आहारा प्रजातिको अनुगमन विधी (प्रोटोकल) तर्जुमा गरिएको छ।

प्रोटोकलबमोजिम पछिल्लो बाघ र यसको बासस्थान सर्वेक्षण गत पुस १ गतेदेखि सुरुआत गरिएको निकुञ्ज विभागका सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो।

बाघको बासस्थान रहेका राष्ट्रिय निकुञ्जहरू एवं वरपरको वनक्षेत्र समेटेर चितवन-पर्सा कम्प्लेक्स, बाँके-बर्दिया कम्प्लेक्स र शुक्लाफाँटा-लालझाडी कम्प्लेक्स गरी तीन क्षेत्रमा करिब तीन महिना लगाएर बाघ सर्वेक्षण कार्य सम्पन्न गरिएको हो।

बाघ पाइने कम्प्लेक्सलाई विभिन्न ब्लकहरूमा विभाजन गरी ब्लकभित्र दुई किमी लम्बाइ र दुई किमी चौडाइका वर्गाकार ग्रिड बनाई हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामेरा जडान गरी निरन्तर रूपमा कम्तीमा १५ दिन (रात)सम्म बाघको तस्बिर खिचेर र ती तस्बिरहरूको विश्लेषण गरी बाघको सङ्ख्या निकालिएको थियो।

राष्ट्रिय बाघ सर्वेक्षण निकुञ्ज विभागको नेतृत्वमा वन तथा भूसंरक्षण विभाग, प्रदेश सरकार, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लुडब्लुएफ नेपाल र जेडएसएल नेपालको सहयोगमा सम्पन्न गरिएको थियो। साथै यस कार्यमा राष्ट्रिय निकुञ्ज कार्यालय, डिभिजन वन कार्यालय, हात्तीसार, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह, वन प्राविधिक र स्वयंसेवकहरू परिचालन गरिएको थियो। यस कार्यका लागि करिब २५० जना जनशक्ति र करिब एक हजार १०० ट्याप क्यामेरा प्रयोग गरिएको थियो।

**सङ्ख्या बढेसँगै व्यवस्थापनमा चुनौती**

नेपालमा बाघको सङ्ख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव-बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन्। मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैंसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन्।

त्यस्तै कतिपय अवस्थामा बाघको चोरी सिकारी हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्ने क्रम पनि उत्तिकै छ।

बाघको सङ्ख्याको वृद्धि भएसँगै यसको आवश्यक सङ्ख्याका बारेमा बहससमेत सुरु भएको छ। तत्कालको वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको सङ्ख्याको 'धान्ने क्षमता' (क्यारिङ क्यापासिटी) ४०० हाराहारी रहेको पछिल्लो अध्ययनले देखाएको छ।

**समस्याग्रस्त बाघका लागि 'टाइगर सेन्चुरी'**

बाघको सङ्ख्यासँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढेको छ। मुलुकभर समस्याग्रस्त बाघको हाल सङ्ख्या १६ रहेको छ।

मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका समस्याग्रस्त बाघलाई उद्धार गरी खोरमा राख्ने गरिएको छ। हाल चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज तथा ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना पाँच-पाँच, बाँके राष्ट्रिय निकुञ्जमा एक बाघ खोरमा राखिएका छन्।

दुःखमा परेका बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि ठूलो रकम खर्च हुँदै आएको छ। यही विषयलाई मध्यनजर गर्दै मन्त्रालयले अध्ययन गरी समस्यामा परेका बाघको व्यवस्थापनका लागि चितवनको देवनगरमा 'टाइगर सेन्चुरी' योजना अघि बढाएको छ।

हाल देशभर १६ समस्याग्रस्त बाघ 'इन्क्लोजर'मा राखिएको छ। तिनको व्यवस्थापन खर्चिलो बन्दै गएको पृष्ठभूमिमा सरकारले देवनगरमा करिब ५२ हेक्टर क्षेत्रफलमा 'टाइगर सेन्चुरी' बनाउने योजना अघि बढाएको हो। मन्त्रालयले 'टाइगर सेन्चुरी' निर्माण भएमा समस्याग्रस्त र घाइते बाघहरूले प्राकृतिक वातावरण पाउनेमात्र नभई पर्यापर्यटनमा समेत ठूलो टेवा पुग्ने विश्वास लिएको छ।

# नेपालमा बाघको संख्या ४२९

काठमाडौं, १३ साउन (रासस)।

पछिल्लो गणनाअनुसार नेपालमा बाघको सङ्ख्या ४२९ पुगेको छ। विश्व बाघ दिवसका अवसरमा बुधबार कृषि, वन तथा पर्यावरण मन्त्रालयले बाघको पछिल्लो गणना सार्वजनिक गरेको हो।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले सार्वजनिक गर्नुभएको २०८२ को गणनाअनुसार कुल बाघको सङ्ख्या मुलुकभर ४२९ पुगेको हो।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ छन्।

पछिल्ला दिनमा संरक्षण क्षेत्र र बासस्थानमा भएको सुधार, सिकार प्रजातिको वृद्धिलगायतका आधारमा बाघको सङ्ख्या थपिएको बताइएको छ। नेपालमा प्रायः चार वर्षमा बाघ गणना गरिन्छ। सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको सङ्ख्या ३५५ थियो।

सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८, त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ थिए। मन्त्रालयले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ। नेपालमा बाघको सङ्ख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो।

प्रत्येक वर्ष जुलाई महिनाको २९ मा बाघ दिवस मनाइन्छ। सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा भएको बाघ शिखर सम्मेलनको घोषणासँगै यो दिवस मनाउन थालिएको हो। तत्कालीन समयमा बाघको सङ्ख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले दिवस मनाउन लागिएको हो।

बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृङ्खलाको उच्च तहमा रहेको महत्त्वपूर्ण प्रजाति हो।

## विश्व समाचार

### युवा आन्दोलनले मोदी सरकारलाई दबाब

बेङ्गलुरु (भारत), १३ साउन (रासस/एएफपी)।

परीक्षा अनियमितता र रोजगारीका अवसरप्रतिको असन्तुष्टिलाई लिएर भारतभर फैलिएको युवा नेतृत्वको आन्दोलनले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारलाई दुर्लभ रूपमा पछि हट्न बाध्य बनाएको छ। विश्लेषकहरूले यसलाई एक दशकभन्दा बढी समयदेखि निर्माण गरिएको मोदीको अटल राजनीतिक छविमाथिको सबैभन्दा ठूलो चुनौतीका रूपमा व्याख्या गरेका छन्। गत साता 'ककरोच जनता पार्टी' (सिजेपी) नामक अनलाइन अभियानबाट सुरु भएको आन्दोलन नयाँदिल्लीबाट देशका विभिन्न सहरमा फैलिएको थियो। बढ्दो दबावपछि शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिनुभएको थियो भने सरकारले आन्दोलनका क्रममा पक्राउ परेका प्रदर्शनकारीविरुद्ध मुद्दा नचलाउनेलगायत केही माग सम्बोधन गर्न सहमति जनाएको छ।

विश्लेषकहरूका अनुसार सन् २०१४ मा प्रधानमन्त्री बनेयता सार्वजनिक दबाबका कारण सरकारलाई यसरी पछि हट्नुपरेको घटना विरलै देखिएको छ। आगामी वर्ष हुने महत्त्वपूर्ण राज्य निर्वाचनअघि आएको यो घटनाले प्रधानमन्त्री मोदीको राजनीतिक प्रभावमा प्रश्न उठाएको उनीहरूको भनाइ छ। प्रधानमन्त्री मोदीका जीवनीकार तथा राजनीतिक विश्लेषक निलाञ्जन मुखोपाध्यायले शिक्षामन्त्रीको राजीनामालाई अप्रत्याशित घटनाका रूपमा चित्रण गर्दै यसले 'ब्रान्ड मोदी' लाई विगत २५ वर्षयताकै सबैभन्दा ठूलो धक्का दिएको बताउनुभयो। उहाँका अनुसार मोदीको राजनीतिक शैली सामान्यतः दबाबमा पछि नहट्ने खालको रहँदै आएको छ। सरकारले सुरुमा आन्दोलन नियन्त्रणमा आउने विश्वास व्यक्त गरेको थियो। तर जुलाई २० मा संसद्तर्फ अघि बढिरहेका प्रदर्शनकारीमाथि प्रहरीले बल प्रयोग गरेपछि आन्दोलन थप फैलिएको विश्लेषकहरूको भनाइ छ। त्यसपछि परीक्षा प्रश्नपत्र चुहावटको विषय युवाहरूको व्यापक असन्तुष्टि र भविष्यप्रतिको चिन्तासँग जोडिएको आन्दोलनमा परिणत भएको थियो। प्रदर्शनमा विपक्षी दल, नागरिक समाज र विभिन्न समूहले पनि समर्थन जनाएका थिए। प्रहरी कारबाहीका दृश्य सामाजिक सञ्जालमार्फत तीव्र रूपमा फैलिँदा सरकारमाथिको दबाब अझ बढेको विश्लेषकहरूको निष्कर्ष छ। उनीहरूका अनुसार यस आन्दोलनले युवाहरूमा सरकारविरुद्ध खुलेर आवाज उठाउन सकिने विश्वास बढाएको छ। यद्यपि सरकारले कानुनी सुधार, परीक्षा प्रणालीलाई थप विश्वसनीय बनाउने तथा प्रश्नपत्र चुहावटमा संलग्नमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्दै परिस्थिति सामान्य बनाउन प्रयास गरिरहेको छ। पञ्जाब, गुजरात र उत्तर प्रदेशमा हुन लागेको निर्वाचनअघि यो घटनाले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई राजनीतिक रूपमा असहज बनाएको विश्लेषकहरूको भनाइ छ।

यस आन्दोलनले सामाजिक सञ्जालमा पनि सरकारलाई चुनौती दिएको छ। मिशिगन विश्वविद्यालयका प्राध्यापक जोयोजित पालका अनुसार डिजिटल माध्यमको बदलिँदो स्वरूपलाई सरकारले पर्याप्त रूपमा बुझ्न नसक्दा आन्दोलनले व्यापक समर्थन पाएको हो। उहाँका अनुसार सामाजिक सञ्जाल अहिले भारतका साना सहरसम्म विस्तार भइसकेको छ र युवामाझ असन्तुष्टि व्यक्त गर्ने सबैभन्दा प्रभावकारी माध्यम बनेको छ। प्रधानमन्त्री मोदीले पनि सामाजिक सञ्जालमार्फत परीक्षा प्रश्नपत्र चुहावटमा संलग्नमाथि कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै नयाँ शैलीका भिडियो सार्वजनिक गर्नुभएको थियो। तर ती भिडियोसमेत सामाजिक सञ्जालमा आलोचना र व्यङ्ग्यको विषय बनेका छन्। विश्लेषकहरूका अनुसार भारतमा सरकारको आलोचना गर्ने सार्वजनिक ठाउँ सीमित बन्दै गएका बेला सामाजिक सञ्जाल असन्तुष्टि अभिव्यक्त गर्ने प्रमुख माध्यमका रूपमा स्थापित हुँदै गएको छ।

### हसिनाको स्वदेश फर्किने घोषणा

नयाँदिल्ली, १३ साउन (रासस/एएफपी)।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफ्नो ज्यान जोखिममा पर्न सक्ने, पक्राउ पर्ने वा जेल जानुपर्ने सम्भावना रहे पनि यही वर्षको डिसेम्बरसम्म स्वदेश फर्किने दृढ अडान व्यक्त गर्नुभएको छ। भारतमा निर्वासनमा रहँदै आउनुभएकी उहाँले आफूलाई बङ्गलादेश फर्किन जनताले निरन्तर आग्रह गरिरहेको बताउनुभएको छ। एएफपीसँग इमेलमार्फत गरिएको अन्तर्वार्तामा ७८ वर्षीया हसिनाले आफ्नो भविष्यबारे पूर्ण रूपमा जानकार रहेको उल्लेख गर्दै त्यसका बाबजुद मातृभूमि फर्किने निर्णयबाट पछि नहट्ने बताउनुभयो। उहाँले आफ्नो ज्यान जान सक्ने, पक्राउ पर्न सक्ने वा जेल सजाय भोग्नुपर्ने अवस्था आउन सक्ने भए पनि त्यसका लागि आफू तयार रहेको धारणा व्यक्त गर्नुभयो। विद्यार्थी नेतृत्वको आन्दोलनका कारण सन् २०२४ को अगस्तमा उहाँको १५ वर्ष लामो शासन अन्त्य भएपछि भीडले प्रधानमन्त्री निवास घेरेको थियो। त्यसपछि उहाँ हेलिकोप्टरमार्फत भारत आउनुभएको थियो। संयुक्त राष्ट्रसङ्घका अनुसार आन्दोलन दबाउन गरिएको सरकारी कारबाहीमा करिब एक हजार चार सय जनाको मृत्यु भएको थियो।

गत नोभेम्बरमा ढाकास्थित एक अदालतले मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दामा हसिनालाई दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो। हसिनाले उक्त निर्णयलाई कानूनको आवरणमा गरिएको राजनीतिक प्रतिशोधको संज्ञा दिनुभएको छ। भारतमा गोप्य स्थानमा बसोबास गरिरहनुभएकी हसिनाले आफूलाई स्वदेश फर्किन कुनै बाह्य दबाब नभएको बताउनुभयो। उहाँका अनुसार ढाकाले भारतसँग आफ्नो सुपुर्दगी माग गरे पनि आफ्नो स्वदेश फर्कने निर्णय त्यससँग सम्बन्धित छैन। भारतीय अधिकारीहरूले प्रत्यर्पणबारे आफूसँग कुनै छलफल नगरेको र भारतमा सम्मानपूर्वक बसिरहेको उहाँले उल्लेख गर्नुभयो। हसिनाको बहिर्गमनपछि बनेको अन्तरिम प्रशासनका कारण केही समय चिसिएको भारत-बङ्गलादेश सम्बन्ध फेब्रुअरीमा तारिक रहमान प्रधानमन्त्री बनेपछि क्रमशः स्थिर हुँदै गएको बताइएको छ। मानवअधिकार सङ्गठनहरूले हसिनाको शासनकालमा विपक्षीमाथि दमन, गैरन्यायिक हत्या, राजनीतिक हस्तक्षेप तथा विवादास्पद निर्वाचन गराएको आरोप लगाउँदै आएका छन्। तर हसिनाले ती आरोपलाई राजनीतिक उद्देश्यले सिर्जना गरिएको अभियानको संज्ञा दिँदै प्रत्येक आरोपपछि अनुसन्धान गरिएको र दोषीमाथि कानूनी कारबाही भएको दाबी गर्नुभयो। उहाँले विद्यार्थी आन्दोलन दमनका क्रममा अत्यधिक बल प्रयोग गरिएको आरोप पनि अस्वीकार गर्नुभयो। आफ्नो सरकारले धैर्यका साथ आन्दोलनलाई शान्तिपूर्ण समाधानतर्फ लैजान प्रयास गरेको दाबी गर्दै उहाँले उक्त आन्दोलन सामान्य विद्यार्थी प्रदर्शन मात्र नभई योजनाबद्ध राजनीतिक अभियान भएको आरोप लगाउनुभयो।

# लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज र संशोधन हुँदैछन् : अर्थमन्त्री डा वाग्ले

काठमाडौँ, १३ साउन (रासस)। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज तथा संशोधनको प्रक्रियामा रहेको बताउनुभएको छ।

मंगलबार निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिहरुसँगको छलफलका क्रममा अर्थमन्त्री डा वाग्लेले आफूहरुको एउटै साझा मन्त्र र एउटै राष्ट्रिय एजेन्डा लगानी मात्रै भएको उल्लेख गर्नुभयो।

अर्थमन्त्री डा वाग्लेले सरकारले अनावश्यक र पुराना कानुन खारेज गर्ने, लगानीको वातावरण सुधार गर्ने र कर प्रणालीलाई सरल तथा पारदर्शी बनाउने, व्यवसाय गर्ने सहजता बढाउने, पुँजीबजार तथा वैकल्पिक वित्तीय साधनको विस्तार गर्ने, श्रम बजारलाई व्यवस्थित गर्ने र डिजिटल सेवामार्फत पारदर्शी प्रशासन निर्माण गर्ने स्पष्ट 'रोडम्याप' तय गरेको बताउनुभयो।

"प्रधानमन्त्रीज्यू स्वयं निजी क्षेत्रका सवालमा अत्यन्त गम्भीर हुनुहुन्छ। मुख्य-मुख्य विषयहरूमा उहाँले सोभैं र तत्काल मलगायत मन्त्रिपरिषद्का सहकर्मीहरूसँग 'फलोअप' गरिरहनुभएको छ", अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "मुलुकको आर्थिक रूपान्तरणका लागि स्वदेशी तथा विदेशी लगानीकर्ताहरू उच्च मनोबलका साथ लगानी विस्तार गर्न, नयाँ उद्योग खोल्न र उत्पादन बढाउन तयार हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ।"

उहाँले आफूहरुले लक्ष्य उद्योग पूर्ण क्षमता सञ्चालन, निर्बाध व्यवसाय विस्तार र नयाँ उद्यमको सिर्जना रहेको बताउनुभयो। "यदि यी तीन सूचकमा हामीले उल्लेखनीय सुधार ल्याउन सक्यौं भने आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व वृद्धि, र निर्यात प्रवर्द्धन स्वतः नयाँ गतिमा अघि बढ्नेछन्। त्यसैले हाम्रा सम्पूर्ण प्रयास र नीतिहरू यिनै तीन परिणाम हासिल गर्नमा केन्द्रित रहनेछन्", उहाँले भन्नुभयो।

अर्थमन्त्री डा वाग्लेले उद्योगी, व्यवसायी र निजी क्षेत्रका प्रतिनिधिले उठाएका जाजय विषयलाई सम्बन्धित मन्त्रालय, विभाग र निकायसँग तत्काल समन्वय गरी सामाधान गर्नका लागि अर्थ मन्त्रालयमा उच्च प्राथमिकताका साथ 'रेस्पोन्स डेस्क' स्थापना गरिने पनि उल्लेख गर्नुभयो।

"अब फाइल थन्किने होइन, द्रुत गतिमा निर्णय र समाधान हुने कार्य संस्कृतिको विकास गरिनेछ", उहाँले भन्नुभयो। उहाँले कानुन संशोधन, नियमावली, कार्यविधि तथा संस्थागत सुधारको काम समयबद्ध तालिकाअनुसार कार्यान्वयन गरिने बताउनुभयो।

# सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यान्वयनका लागि कार्ययोजना सार्वजनिक

काठमाडौँ, १३ साउन (रासस)। सरकारले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउने उद्देश्यले तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८३-२०८७) को कार्यान्वयन कार्ययोजना सार्वजनिक गरेको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको कार्ययोजनामा रणनीतिमा समावेश सुधारका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिम्मेवार निकाय, कार्यसम्पादनका चरण, समयसीमा, अपेक्षित उपलब्धि, कार्यसम्पादन सूचक तथा प्रमुख उपलब्धिका आधार निर्धारण गरिएको छ।

कार्ययोजना मन्त्रालय, विभाग, आयोग, कार्यालय तथा अन्य सरोकार भएका निकायको सहभागिता र परामर्शका आधारमा तयार गरिएको दस्तावेजमा जनाइएको छ। सम्बन्धित निकायबाट प्राप्त सुझाव तथा रायलाई समेटेर कार्ययोजनालाई अन्तिम रूप दिइएको जनाइएको छ।

कार्ययोजनाले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिको कार्यान्वयनका लागि स्पष्ट मार्गचित्र तयार गर्नुका साथै प्रत्येक गतिविधिको जिम्मेवार निकाय, कार्यान्वयन अवधि र अपेक्षित नतिजा निर्धारण गरेको छ। सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत समन्वय, स्वामित्व र जवाफदेहितालाई महत्व दिइएको छ।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमनका लागि अर्थ मन्त्रालयले अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना (२०८३-२०८७) पनि तयार गरेको छ। उक्त योजनाअनुसार नतिजा श्रृङ्खला, कार्यसम्पादन सूचक, तथ्याङ्का स्रोत, प्रतिवेदन प्रणाली तथा संस्थागत सिकाइका माध्यमबाट सुधार कार्यक्रमको प्रगति मापन गरिनेछ।

कार्ययोजनाले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका कार्यक्रमलाई नतिजामुखी बनाउनुका साथै प्रगतिको नियमित अनुगमन, मूल्याङ्कन तथा जवाफदेहिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सरकारले यसबाट सार्वजनिक स्रोतको प्रभावकारी परिचालन, वित्तीय अनुशासन, सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार आउने अपेक्षा गरिएको जनाएको छ।

# न्यायपालिकालाई सरकारले गोजीमा राख्न खोजेको छ : अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन।**

राजविराज उच्च अदालत



बार एशोसिएशनका अध्यक्ष हरेराम यादवले पछिल्लो सरकार जस्तै वर्तमान सरकार पनि न्यायपालिकालाई गोजीमा राख्ने प्रवृति तर्फ उद्यत भएको बताएका छन्।

उच्च अदालत राजविराज बेञ्च र सप्तरी जिल्ला अदालतका न्यायाधीशहरुको विदाई समारोहमा बोल्दै अध्यक्ष यादवले उक्त कुरा बताउँदै जुन स्वतन्त्र न्यायपालिकाको अवधारणा विपरित रहेको उल्लेख गरे।

"आफ्नै प्रकरणमा पछिल्ला सरकारले न्यायपालिकालाई जसरी प्रयोग गरे त्यही सिको गर्दै वर्तमान सत्ताधारी दल राष्ट्रीय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने न्यायपालिकालाई नियन्त्रण गर्न खोजी रहेका छन" उनले भने, "यस्ता प्रवृति विरुद्ध वकिलहरुले नै आवाज उठाउनु पर्छ भन्दै सरकारलाई चेताए।"

अध्यक्ष यादवले परिवर्तनका आवाज पनि विगतमा वकिलहरुले नै उठाएको स्मरण गर्दै स्वतन्त्र न्यायपालिकाको रक्षा गर्न सम्पूर्ण वकीलहरुलाई आह्वान गरे।

न्यायधीशहरुको विदाई समारोहको प्रमुख अतिथिको आसनबाट बोल्दै उच्च अदालत जनकपुर राजविराज इजलाशका १ नं. न्यायाधीश सुभाष पौडेलले बेञ्चले यो आर्थिक बर्षमा आफ्नो लक्ष्य भन्दा बढी मुद्दामा फैसला गरेर अदभुत सफलता प्राप्त गरेको जिकिर गरे। उनले त्यो बारको सहयोगको कारण मात्र सफल भएको भनी बकीलहरुको प्रशंसा गरे।

राजविराज बेञ्चको मुख्य भई काम गर्ने न्यायाधीश पौडेलले लक्ष्य प्राप्ति गर्न अलि छिटो छिटो मुद्दाको सुनवाई भएको जस्ता सामान्य गुनासाहरु आईरहेको सन्दर्भ कोट्याउँदै निकट भविष्य मै बार सँग यस्ता बिषयमा बेञ्च समिक्षा गर्न तैयार रहेको प्रतिबद्धता जनाए।

उच्च बारका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आफ्नो कार्यकाल पूरा गरी विदाई भएका न्यायाधीशहरुमा उच्च अदालतका न्यायाधीशहरु अच्युतम कुमार आचार्य, माधव धिताल र सरला मोक्तान तथा सप्तरी जिल्ला अदालतका न्यायाधीशहरुमा मूख्य न्यायाधिश किशोर घिमिरे, रोमनाथ अधिकारी र महेन्द्र बहादुर थापा क्षेत्रीले आफ्नो अनुभव राखेका थिए।

उनीहरुले सप्तरीको बिषयमा यहाँ आउँदा सबैले यहाँ काम गर्न कठिन हुने भनी निकै डराएका थिए तर राजविराजलाई आफुहरुले सहज पाएको र यहाँ सबैको साथ सहयोग पाई मुद्दाको चाप बढी हुँदा बढी सिक्ने अवसर पाएको बताए।

आफ्ना कार्यकाल पूरा गरी सरुवा हुनेमा उच्च अदालतका न्यायाधीश सुशिल कोईराला तथा सप्तरी जिल्ला अदालतका न्यायाधीशहरुमा मोहन बहादुर थापा, दिपक धिताल र बाबुराम भट्टराई छन।

उच्च अदालत बारका सचिव दानो कुमारी चौधरीले सञ्चालन गरेको कार्यक्रममा बरिष्ठ अधिवक्ताहरु कृष्णानन्द देव, डा. देव नारायण यादव, बौद्धकृष्ण भगत, उच्च बारका पूर्व अध्यक्षत्रय हेमनारायण चौधरी, श्याम नारायण साह र रामानन्द साह तथा अधिवक्ताहरु बलराम सिंह, सतीश कुमार दत्त, समिम अख्तर अली लगायतकाले विदाई मन्तव्य राखेका थिए।

अदालतमा दुई बर्षमा नियमित रुपमा सरुवा हुने गरेको र यसै क्रममा उच्च अदालतबाट चार जना र सप्तरी जिल्ला अदालतबाट ६ जना न्यायाधीशहरुको सरुवा भएको उच्च अदालतका सहरजिष्ट्रार जानकी रमण यादवले जानकारी दिए।

# मोरङमा 'डिजे' प्रयोग गर्न निषेध

विराटनगर, १३ साउन (रासस)। जिल्ला प्रशासन कार्यालय मोरङले मेला-महोत्सव एवं रातको समयमा सञ्चालन हुने रेष्टुराँ एवं क्लबहरूमा प्रयोग हुँदै आएको 'डिजे' निषेध गरेको छ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पवनराज कोइरालाले मंगलबार एक विज्ञप्ति जारी गर्दै जिल्लाभित्र कुनै पनि मेला, महोत्सव, विवाहका विभिन्न समारोह, पार्टी उत्सव, चाडपर्व, धार्मिक कार्यक्रम, पुराणलगायत कार्यक्रमम अर्को सूचना जारी नभएसम्म 'डिजे' प्रयोग गर्न निषेध गरिएको जनाउनुभएको छ।

यो सूचना विपरीत कसैले 'डिजे' प्रयोग गरे वा गराएको पाइएमा कानुन बमोजिम कारबाही हुने कुरा विज्ञप्तिमा जनाएको छ।

### *क्यान्सर अस्पतालमा ...*

उहाँको भनाइ छ।

अस्पतालमा बिरामीलाई सामान्यतया दुई हप्ताको फरकमा १२ पटक र तीन हप्ताको फरकमा छपटकसम्म 'किमो' दिने गरिन्छ। कतिपय बिरामीको तीन वर्षसम्म पनि किमो लगाउनुपर्ने हुन्छ। किमो लगाउनका लागि नेपालभर र भारतीय सीमा क्षेत्रबाट पनि यहाँ बिरामी आउने गर्दछन्। लामो समय पालो कुर्नु परेपछि यहाँ आएका बिरामी निजी अस्पतालमा जान बाध्य हुने गरेका छन्।

चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटले सरकारी क्यान्सर अस्पतालकै शुल्कमा किमोलगायतका क्यान्सर उपचार सेवा दिने गरेको छ। बाहिरी जिल्ला जानुभन्दा भरतपुर आएका बिरामी यस इन्स्टिच्युटमा जाने गरेका छन्। चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले अन्य अस्पतालमा लामो पालो कुर्नुपरेका बिरामीसमेत यस इन्स्टिच्युटमा आउने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सरकारी अस्पतालको शुल्कमा सेवा प्रवाह गर्ने कुरा धेरैलाई थाहा नभएकाले थाहा पाउनेहरू आउनुभएको छ।"

इन्स्टिच्युटले पछिल्लो समय बिरामीको सङ्ख्या बढ्दै गएको जनाएको छ। जिल्लाका केही निजी अस्पतालहरूले मापदण्ड पूरा नगरी किमो दिने गरेको गुनासो छ। केही बिरामी यहाँ सरकारीमा पालो नपाएपछि भारत, काठमाडौँलगायतका ठाउँमा समेत जाने गरेका बताइएको छ।

### *विगतको तुलनामा ...*

रात्रीकालिन उडान गर्ने योजना हाललाई स्थगित गरिएको बताए। उनले यात्रुको चाप बढ्दै गएपछी भावी दिनमा उक्त योजना कार्यान्वयनमा आउने प्रष्ट पारे।

राजविराज विमानस्थलका प्रमुख हिरोन साहले रात्रीकालिन उडानका लागि आवश्यक सबै पूर्वाधार उपलब्ध रहेको बताए। उनले रात्रिकालिन उडान सेवाका लागि आवश्यक सबै उपकरण जडान भइसकेको तथा सेवा प्रदायक विमान कम्पनीले चाहेको बेला उडान गर्न सक्ने दाबी समेत गरे।

सुरुमा ४९ सिट भएको बुद्ध एयरको विमान यहाँबाट उडान गर्ने गरेकोमा यात्रुको चाप बढ्दै गएपछी अहिले ७२ सिट क्षमता भएको विमानले सेवा प्रदान गरिरहेको छ।

उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य एवं सप्तरी उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष अरुण प्रधानले सप्तरी, सिरहा, उदयपुर र सीमावर्ती भारतीय यात्रुलाई काठमाडौं उडानका लागि सहज भएपनि दैनिक दुई उडान सेवा संचालन हुन नसक्दा समस्या भइरहेको सुनाए।

### *सामाजिक सद्भाव ...*

ध्यानाकर्षण गरेको छ।

देवानगन्ज घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरी शोकाकूल परिवारमा समवेदना, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनासहित सामाजिक सद्भाव र दिगो शान्ति स्थापनाका पक्षमा सर्वदलीय बैठकमा जारी संयुक्त वक्तव्यमा उल्लेख छ।

रास्वपाका सभापति लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, लोसपाका अध्यक्ष महन्थ ठाकुर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष डा सिके राउत र जसपा नेपालका नेता प्रकाश अधिकारीले उक्त वक्तव्यमा हस्ताक्षेर गर्नुभएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*